संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषद्

# विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) सम्बन्धी प्रश्नोत्तर

इन्सेक
in.sec

## १. विश्वव्यापी आवधिक समीक्षा के हो ?

विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) मानवअधिकार परिषद् स्थापना गर्ने संयुक्त राष्ट्रसङ्घीय महासभाको प्रस्ताव नं. ६०/२५१ द्वारा स्थापित एउटा नयाँ संयन्त्र हो। यो नयाँ संयन्त्रले संयुक्त राष्ट्रसङ्घका सबै १९२ सदस्य राष्ट्रहरूको मानवअधिकारसम्बन्धी दायित्व र प्रतिबद्धताहरूको कार्यान्वयन अवस्थालाई नियमितरूपमा समीक्षा गर्दछ।

प्रस्ताव नं. ६०/२५१ मा महासभाले मानवअधिकार परिषद्लाई निम्न अधिकार प्रदान गरेको छ:- "प्रत्येक राष्ट्रले मानवअधिकारसम्बन्धी दायित्व र प्रतिबद्धता पूरा गरे-नगरेको सम्बन्धमा प्रत्येक राष्ट्रका सन्दर्भमा समीक्षाको विश्वव्यापी विस्तार र समान व्यवहार सुनिश्चित हुने गरी वस्तुगत र विश्वसनीय सूचनाका आधारमा विश्वव्यापी आवधिक समीक्षा गर्ने, अन्तर्क्रियात्मक सम्वादमा आधारित, सम्बन्धित राष्ट्रको पूर्ण संलग्नतासहित र यसको क्षमता अभिबृद्धिको आवश्यकतालाई मध्यनजर गर्ने यो समीक्षा सहयोगात्मक संयन्त्र हुनेछ, यस्तो संयन्त्र सन्धिजनित निकायहरूको नक्कल गर्ने नभई पूरकका रूपमा रहनेछ।"

१८ जुन २००७ मा सम्पन्न परिषद्को पाँचौँ सत्रले प्रस्ताव नं. ५/१ मार्फत् यूपीआर संयन्त्रसम्बन्धी विस्तृत स्वरूप जारी गऱ्यो।

## २. यूपीआरका उद्देश्यहरू के–के हुन् ?

यूपीआरको उद्देश्य हरेक राज्यको मानवअधिकारसम्बन्धी यसका दायित्व र प्रतिबद्धताहरू कार्यान्वयनको समीक्षा गर्नु हो। यसअन्तर्गत समीक्षाको विश्वव्यापी विस्तार र सबै राष्ट्रहरूलाई समान व्यवहार, राज्यको क्षमता अभिबृद्धिको आवश्यकतालाई मध्यनजर गर्ने सहयोगात्मक संयन्त्र र सन्धिजनित निकायहरूको नक्कल नभई पूरकको कार्य गर्नेजस्ता उद्देश्यहरू पर्दछन्।

मानवअधिकार परिषद्द्वारा पारित यूपीआरसम्बन्धी प्रस्तावमा उल्लेख गरिएको छ- "परिषद्ले व्यापक र योजनाबद्धरूपमा भएका मानवअधिकार उल्लङ्घनका अवस्थाहरूको सम्बोधन गर्नु र तिनका सम्बन्धमा सुझावहरू दिनुपर्दछ" र "मानवअधिकारको उल्लङ्घन रोकथामका लागि संवाद र समझदारीका माध्यमबाट योगदान पुऱ्याउनु तथा मानवअधिकारका हिसाबले आपतकालीन (सङ्कटकालीन) अवस्थालाई उपयुक्त ढङ्गले सम्बोधन गर्नुपर्दछ।"

## ३. यूपीआरको सैद्धान्तिक आधार के हो ?

- संयुक्त राष्ट्रसङ्घको बडापत्र,
- मानवअधिकारको विश्वव्यापी घोषणापत्र
- राज्य पक्षराष्ट्र भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू,
- राज्यद्वारा व्यक्त स्वेच्छिक प्रतिबद्धताहरू, जस्तै: मानवअधिकार परिषद्को सदस्यका लागि हुने निर्वाचनका क्रममा व्यक्त प्रतिबद्धता र परिषद्का उच्चस्तरीय बैठकहरूमा दिइएका मन्तव्य, र

- उपयुक्त अन्तर्राष्ट्रिय मानवीय कानुन।

## ४. यूपीआर प्रक्रियाले के–कस्ता कार्यलाई समेट्दछ ?

युपीआर प्रक्रियाअन्तर्गत निम्न कार्यहरू पर्दछन्:

- राज्य र अन्य सरोकारवालाहरूद्वारा तयारी, जस्तै: समीक्षाका लागि राज्यद्वारा दिइने सुझावहरूसम्बन्धमा राष्ट्रिय परामर्श तथा आवश्यक प्रतिवेदन/प्रलेखहरूको तयारी,
- यूपीआर कार्यदलमा सम्बन्धित राष्ट्रसँग तीन-घण्टे अन्तर्क्रियात्मक सम्वाद,
- यूपीआर कार्यदलद्वारा सम्बन्धित राष्ट्रको समीक्षाबारे निश्कर्ष र सुझाव पारित,
- परिषद्द्वारा यसको नियमित सत्रमा समीक्षाको निश्कर्ष र सुझाव पारित,
- सम्बन्धित राज्य र अन्य सरोकारवालाहरूद्वारा सान्दर्भिक अनुगमन र कार्यान्वयन।

## ५. विश्वव्यापी समीक्षा के–कस्तो सूचनामा आधारित हुन्छ ?

समीक्षा तीनवटा मुख्य दस्तावेजहरूमा आधारित हुन्छ:

- सम्बन्धित राज्यद्वारा तयार पारिएको सूचना। यस्तो सूचना राष्ट्रिय प्रतिवेदनका रूपमा तयार पारिएको पनि हुनसक्छ। त्यसैगरी, सम्बन्धित राज्यद्वारा सान्दर्भिक ठानिएको अन्य कुनै सूचना, जो मौखिक वा लिखित रूपमा प्रस्तुत गर्न सकिन्छ। लिखितरूपमा प्रस्तुत गरिएको प्रतिवेदन २० पेजभन्दा बढी हुनु हुँदैन र उक्त राष्ट्रको समीक्षाका लागि युपीआर कार्यदलको बैठक बस्नुभन्दा ६ हप्ता अगाडि पेश गरिसक्नु पर्दछ। त्यस्तो सूचना वा प्रतिवेदन तयारीका लागि राष्ट्रियस्तरमा सम्बन्धित सबै सरोकारवालाहरूसँग व्यापक परामर्श गर्नेका लागि राज्यहरूलाई प्रोत्साहन गरिन्छ।
- यसका अतिरिक्त संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) द्वारा बढीमा १० पेजको एउटा दस्तावेज तयार गरिन्छ। उक्त दस्तावेजमा सन्धिजनित निकाय र मानवअधिकार परिषद्को विशेष कार्यविधिको प्रतिवेदन, सम्बन्धित राज्यको सुझाव र टिप्पणी, र संयुक्त राष्ट्रसङ्घका अन्य सान्दर्भिक औपचारिक दस्तावेजहरूमा समेटिएका आवश्यक सूचनाहरू समेटिएको हुन्छ।
- विश्वव्यापी आवधिक समीक्षाका लागि अन्य सरोकारवालाहरूद्वारा प्रस्तुत गरिएका अतिरिक्त र विश्वसनीय सूचनालाई पनि मानवअधिकार परिषद्द्वारा ध्यान दिइन्छ। राज्य र संयुक्त राष्ट्रसंघीय निकायहरूबाहेकका अन्य सरोकारवालाहरूबाट प्राप्त "वस्तुगत र विश्वसनीय सूचना" लाई १० पेजमा नबढ्ने गरी ओएचसीएचआरद्वारा सङ्क्षेपीकरण गरिन्छ। अन्य सरोकारवालाहरूमा गैरसरकारी संस्थाहरू, राष्ट्रिय मानवअधिकार संयन्त्रहरू, मानवअधिकार रक्षकहरू, प्राज्ञिक संस्थानहरू, अनुसन्धान केन्द्रहरू, क्षेत्रीय संस्थाहरू, नागरिक समाजका प्रतिनिधिहरू आदि पर्दछन्।

## ६. राष्ट्रिय प्रतिवेदनमा के-कस्ता विषय समावेश गरिएको हुन्छ ?

मानवअधिकार परिषद्को छैठौं सत्रद्वारा २७ सेप्टेम्बर २००७ मा पारित साधारण निर्देशिकाका आधारमा राष्ट्रिय प्रतिवेदन तयार गरिनुपर्दछ। यसमा मुख्यगरी निम्नलिखित विषयवस्तुहरू पर्दछन्।

- राष्ट्रिय प्रतिवेदन तयार गर्दा अवलम्बन गरिएको पद्धति र बृहद् परामर्श प्रक्रियाको विवरण,
- संविधान, कानुन, नीति र निकायहरूलगायत्का मानवअधिकारसम्बन्धी सैद्धान्तिक तथा संस्थागत ढाँचाका बारेमा सूचना,
- मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दायित्वको कार्यान्वयन, राष्ट्रिय कानुन र स्वेच्छिक प्रतिबद्धताका साथै राष्ट्रिय मानवअधिकार निकाय, मानवअधिकारसम्बन्धी जनचेतना र मानवअधिकार संयन्त्रहरूसँगको सहकार्य जस्ता सवालका बारेमा सूचना,
- उपलब्धि र उत्कृष्ट अभ्यासहरूका साथै चुनौती र बाधा-व्यवधानहरूसम्बन्धी सूचना,
- चुनौती र बाधा-व्यवधानहरूको सामना गर्न र मानवअधिकार अवस्था सुधार गर्नका लागि तय गरिएका प्रमुख राष्ट्रिय प्राथमिकता तथा प्रयासहरू,
- क्षमता अभिबृद्धिका लागि गरिएका अपेक्षा र प्राविधिक सहयोगसम्बन्धी अनुरोध,
- विगतका समीक्षाहरूको अनुगमन (समीक्षाको दोस्रो चक्र सन् २०१२ मा शुरु हुने)।

## ७. कसले समीक्षा गर्दछ ?

यूपीआर कार्यदलमा संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्य राष्ट्रहरूको समीक्षा गरिन्छ। उक्त कार्यदलमा मानवअधिकार परिषद्का ४७ सदस्यहरू रहन्छन् र यसको अध्यक्षता परिषद्का सभापतिले गर्दछन्। कार्यदलमा आफ्नो राष्ट्रको प्रतिनिधिका बारेमा परिषद्का हरेक सदस्य राष्ट्रहरूले निर्णय गर्दछन् र त्यसका लागि मानवअधिकार विज्ञहरूलाई पनि आफ्नो प्रतिनिधिका रूपमा पठाउन सक्दछन्।

प्रत्येक समीक्षालाई सहजीकरण गर्नका लागि परिषद्ले तीनजना समाधिक्षक सम्मिलित एक समूह चयन गर्दछ। यो समूहलाई ट्रोइका समाधिक्षकहरू पनि भनिन्छ। यी समाधिक्षकहरू परिषद्का ४७ सदस्यहरू मध्येबाट चयन गरिन्छ। यो ट्रोइकाका तीनजना सदस्यहरू संयुक्त राष्ट्रसङ्घद्वारा निश्चित गरिएका छुट्टाछुट्टै क्षेत्रीय समूहहरूबाट आउँछन्।

## ८. समीक्षा कहिले शुरु हुन्छ ?

सन् २००८ देखि २०११ को चारवर्षे अवधिमा संयुक्त राष्ट्रसङ्घका सबै १९२ सदस्य राष्ट्रहरूको समीक्षा गरिनेछ। यसको अर्थ हो, एक वर्षमा यूपीआर कार्यदलका तीनवटा वार्षिक सत्र हुने भएकाले, एउटामा १६ राष्ट्रका दरले हरेक वर्ष ४८ राष्ट्रको समीक्षा गरिनेछ। यूपीआरको पहिलो निष्कर्ष र सुझावलाई मानवअधिकार परिषद्द्वारा यसको अर्को नियमित सत्रमा पारित गर्नुपर्दछ।

## ९. यो विशेषखालको समीक्षामा हुने कार्यहरूको समयतालिका वा चरण कस्तो हुन्छ ?

- राष्ट्रिय प्रतिवेदन तयारीका लागि राज्यले गैरसरकारी संस्थाहरूसँग समेत बृहत् राष्ट्रिय परामर्श गर्दछ।
- दस्तावेज वितरणका लागि संयुक्त राष्ट्रसङ्घको "छ-हप्ते-नियम" अनुरूप, यूपीआर कार्यदलमा समीक्षा हुनुभन्दा छ हप्ताअघि नै राष्ट्रसङ्घको औपचारिक प्रयोजनमा रहेका छवटा भाषामा वितरण गर्ने कार्यको सुनिश्चितताका लागि राज्यले समयमै बढीमा २० पेजको राष्ट्रिय प्रतिवेदन तयार गर्दछ।
- ओएचसीएचआरले बढीमा १०-१० पेजका दुईवटा दस्तावेज (प्रतिवेदन) हरू तयार गर्दछ। जसमध्ये एउटामा राष्ट्रसङ्घीय सन्धिजनित निकायहरू, विशेष कार्यविधिहरू र अन्य निकायहरूद्वारा प्राप्त सूचनाहरू समावेश गरिन्छ भने अर्कोमा गैरसरकारी संस्थाहरू, राष्ट्रिय मानवअधिकार निकाय आदिद्वारा प्राप्त विश्वसनीय सूचनाहरूको सङ्क्षेप राखिन्छ।
- समीक्षाको सहजीकरण गर्न र यसलाई अझ बढी गहन बनाउन **ट्रोइका** समाधिक्षकहरूले प्रतिवेदनहरूमा समाविष्ट सूचनाका आधारमा विभिन्न विषयवस्तु र प्रश्नहरूको लेखाजोखा गर्न सक्दछन् (तर यसो गर्न आवश्यक नहुन पनि सक्दछ)। समीक्षाको तयारीका लागि सहयोग गर्न यस्ता विषयवस्तु र प्रश्नहरू सम्बन्धित राज्यसमक्ष पठाइन्छ।
- समीक्षाका क्रममा सम्बन्धित राज्य ३ घण्टासम्म यूपीआर कार्यदलसँग अन्तर्क्रियात्मक सम्वादमा उपस्थित हुन्छ। उक्त समीक्षा-सम्वाद कार्यक्रममा मानवअधिकार परिषद्का सदस्य राष्ट्रका अतिरिक्त पर्यवेक्षकका रूपमा अन्य राष्ट्रका प्रतिनिधिहरू पनि सहभागी हुन सक्दछन्। गैरसरकारी संस्थाहरू सहभागी हुन त पाउँछन् तर उनीहरू बोल्न पाउँदैनन्।
- **ट्रोइका** समाधिक्षकहरूले समीक्षासम्बन्धी प्रतिवेदन तयार गर्दछन्। उक्त प्रतिवेदनमा समीक्षाको कार्यविवरणको सङ्क्षेप, सुझावहरू र राज्यद्वारा कुनै स्वेच्छिक प्रतिवद्धता जाहेर गरेको छ भने सोसमेत समावेश गरिन्छ।
- समीक्षा यूपीआर कार्यदलमा पारित गरिन्छ। अन्तर्क्रियात्मक सम्वादपछि कार्यदलमा प्रतिवेदन पारित गर्दासम्मका लागि उपयुक्त समयावधि छुट्याइएको हुन्छ। समीक्षा प्रतिवेदन पारित गर्नका लागि आधा घण्टाको समय छुट्याइएको हुन्छ। समीक्षा गरिने राष्ट्र त्यो प्रक्रियामा पूर्ण रूपमा संलग्न हुन्छ र यसले समीक्षापछि दिइएका सुझावहरूमध्ये कुनचाहिँलाई समर्थन गर्छ र कुनलाई गर्दैन भन्ने कुरा सङ्केत गर्नसक्छ। तर, कुनै पनि सुझाव नमान्ने गरी मत जाहेर गर्न भने पाउँदैन।
- समीक्षाको निष्कर्ष र सुझाव पारित गर्नका लागि मानवअधिकार परिषद्को नियमित सत्रसमक्ष पेस गरिन्छ। त्यसलाई पारित गर्नका लागि परिषद्को सत्रमा बढीमा एक घण्टाको समय छुट्याइएको हुन्छ। परिषद्को प्लेनरीमा समीक्षाको निशर्कष र सुझावका बारेमा निर्णय गर्नुअघि सम्बन्धित राष्ट्र, परिषद्का सदस्यहरू, पर्यवेक्षक राष्ट्रहरू र अन्य उपयुक्त सरोकारवालाहरू (जस्तैः गैरसरकारी संस्थाहरू) लाई उक्त निष्कर्ष र सुझावका सम्बन्धमा धारणा व्यक्त गर्ने अवसर दिइन्छ।
- त्यसपछि परिषद्ले समीक्षाको निष्कर्ष र सुझाव पारित गर्दछ। निश्चित अनुगमन आवश्यक पर्दछ कि पर्दैन र पर्छ भने कहिले भन्ने बारेमा पनि निर्णय गर्दछ।

- समीक्षामा दिएका सुझावहरू मुख्यत: सम्बन्धित राष्ट्रको राज्य र उपयुक्त पक्षहरूमा सम्बन्धित सरोकारवालाहरूद्वारा कार्यान्वयन गरिनुपर्दछ।
- समीक्षाद्वारा औँल्याइएका सवालहरू कार्यान्वयन अवस्थाका बारेमा चार वर्षपछि उक्त राष्ट्रका सम्बन्धमा गरिने अर्को विश्वव्यापी समीक्षाका बेला अनुगमन समीक्षा गरिन्छ।

## १०. समीक्षाको निष्कर्ष र सुझावमा के हुनसक्छ ?

यूपीआरको निर्ष्कर्ष र सुझाव एउटा विस्तृत दस्तावेज हुनसक्छ, जसमा विज्ञहरू वा परिषद्द्वारा प्राप्त तथ्य, तिनको निष्कर्ष र सुझाव समावेश गरिएको हुन्छ। यदि सङ्क्षिप्त ढाँचा अवलम्बन गरियो भने निशर्कष र सुझाव केवल विभिन्न चरणमा भएका सम्वादहरूको समीक्षा गरिएको राष्ट्रको स्वेच्छिक प्रतिबद्धता मात्र पनि हुनसक्छ। समीक्षा गरिएको राष्ट्रले चाल्नुपर्ने कदमहरूका बारेमा दिइने सुझावहरूका अलावा, मानवअधिकार सम्बन्धित दायित्वहरू पूरा गर्न उक्त राष्ट्रको क्षमता अभिबृद्धिका लागि आवश्यक पर्ने प्राविधिक सहयोग कार्यक्रम तथा अन्य उपायहरूका सम्बन्धमा पनि परिषद्ले सुझाव दिन सक्दछ। परिषद्ले समीक्षामा रहेको राष्ट्रको मानवअधिकार अवस्था अनुगमन गर्न उक्त राष्ट्रमा समाधिक्षक नियुक्त गर्न पनि सक्दछ। त्यसैगरी, मानवअधिकार अवस्था अनुगमन वा राज्यसँग मिलेर काम गर्न उक्त राष्ट्रमा ओएचसीएचआरको कार्यालय स्थापना वा उपस्थितिका लागि आग्रह गर्न सक्दछ। यसबाहेक, सुरक्षा परिषद्, महासभा वा विशेषज्ञ निकायहरूजस्ता संयुक्त राष्ट्रसङ्घीय निकायहरूद्वारा चालिनुपर्ने कदमका सम्बन्धमा पनि सुझाव दिन सक्दछ।

## ११. कुनै राष्ट्रका सम्बन्धमा गरिएको समीक्षाको अनुगमन कसरी गरिन्छ ?

परिषद्ले यसको नियमित सत्रमा कुनै राष्ट्रका सम्बन्धमा यूपीआर निर्ष्कष र सुझाव पारित गर्दा उक्त राष्ट्रका सम्बन्धमा अनुगमन गर्नु आवश्यक छ कि छैन, छ भने कहिले गर्नुपर्छ भन्नेबारे निर्णय गर्दछ। यूपीआरमा दिइएका सुझावहरूलाई मुख्यत: सम्बन्धित राष्ट्रले र अन्य सान्दर्भिक सवालहरू सम्बन्धित सरोकारवालाहरू (जस्तै: गैरसरकारी संस्थाहरू, राष्ट्रिय मानवअधिकार निकाय, ओएचसीएचआर, उक्त राष्ट्रमा रहेको संयुक्त राष्ट्रसङ्घको टिम र राष्ट्रसङ्घीय निकायहरू) द्वारा कार्यान्वयन गर्नुपर्दछ। अर्को समीक्षाका क्रममा अघिल्लो समीक्षाद्वारा दिइएका सुझावहरू कार्यान्वयनको अवस्थाका सम्बन्धमा पनि समीक्षा गरिन्छ।

## १२. यूपीआर प्रक्रियामा कुनै राष्ट्रले सहयोग नगरेमा के हुन्छ ?

यूपीआर संयन्त्रलाई कुनै राष्ट्रद्वारा लगातार असहयोग गरिएको अवस्था भएमा त्यसलाई परिषद्ले “सम्बोधन” गर्दछ।

## १३. यूपीआर संयन्त्रमा गैरसरकारी संस्थाहरू कसरी सहभागी हुन सक्छन् ?

यूपीआर संयन्त्रमा गैरसरकारी संस्थाहरूको सहभागिताका लागि विभिन्न सम्भावित क्षेत्रहरू छन्। यीमध्ये केही यूपीआर संयन्त्र सञ्चालनसम्बन्धी नियमहरूमा उल्लेख गरिएको छ। यसका अलावा गैरसरकारी संस्थाहरूका लागि यूपीआरसम्बन्धी वकालतको व्यापक कार्यक्षेत्र छ। भविष्यमा हुने समीक्षाहरूका लागि उत्कृष्ट नजीर र अभ्यासहरू स्थापित गर्न गैरसरकारी संस्थाहरूले सक्रिय प्रयास गर्नुपर्दछ।

**राष्ट्रिय प्रतिवेदन तयार गर्नुअघि परामर्श**

- यूपीआरका लागि राज्यद्वारा तयार गरिने प्रतिवेदनमा आवश्यक सहयोग पुऱ्याउन/सुझाव दिन राष्ट्रिय स्तरमा व्यापक परामर्शका लागि सरकारलगायत् सम्बन्धित सरोकारवालाहरूलाई प्रोत्साहित गर्ने,
- राष्ट्रियस्तरमा हुने हरेक परामर्शमा सहभागिता जनाउने, मानवअधिकारसम्बन्धी मुद्दाहरूमा राज्यको ध्यानाकर्षण गर्ने र चुनौती वा समस्याहरू सम्बोधन गर्नका लागि आवश्यक पर्ने उपायहरूका बारेमा सुझाव प्रस्तुत गर्ने।

**समीक्षाका लागि सूचना**

- यूपीआरले अवलोकन गर्ने र सुझाव दिने कार्यमा सहयोग पुग्नेगरी संयुक्त राष्ट्रसङ्घीय सन्धिजनित निकाय र विशेष कार्यविधिहरूसमक्ष उपयुक्त सूचना प्रेषण गर्ने,
- यूपीआरका लागि ओएचसीएचआरद्वारा सङ्ग्रह गरिने "अन्य वस्तुगत र विश्वसनीय सूचना" का लागि आवश्यक तथ्य-तथ्याङ्क/सूचना प्रेषण गर्ने,
- समीक्षा गरिने राष्ट्रको मानवअधिकार अवस्थाका सम्बन्धमा सङ्ग्रहित सूचनालाई स्वतन्त्र ढङ्गले प्रकाशन गर्ने र मानवअधिकार उल्लङ्घनको अवस्था सम्बोधन गर्न सम्बन्धित सरोकारवालाहरूलाई सुझाव दिने,
- समीक्षा गरिने राष्ट्रको राज्यद्वारा पेश गरिएको प्रतिवेदनका बारेमा समीक्षा/समालोचना गर्ने,
- यूपीआर कार्यदलद्वारा राखिने औपचारिक रेकर्डमा समावेश गर्ने हेतुले लिखित धारणा/वक्तव्यहरू पेश गर्ने।

**यूपीआर कार्यदलमा अन्तरक्रियात्मक सम्वाद**

- यूपीआर कार्यदलमा आफ्नो तर्फबाट पठाउने प्रतिनिधिहरूमा मानवअधिकार विज्ञहरू समावेश गर्न परिषद् सदस्यहरूसँग लवी गर्ने,
- ट्रोइका समाधिक्षकहरूमा मानवअधिकारविज्ञहरू नियुक्त गर्न परिषद् सदस्यहरूसँग लवी गर्ने,
- समीक्षा गरिने राष्ट्रको मानवअधिकारसम्बन्धी ज्वलन्त सवालहरूमा समीक्षा केन्द्रित गर्न ट्रोइका समाधिक्षकहरूसँग लवी गर्ने र त्यस्ता सवालका बारेमा अन्तर्क्रियात्मक सम्वादभन्दा अघि सम्बन्धित राष्ट्रसँग प्रश्न गर्न समाधिक्षकहरूलाई प्रोत्साहित गर्ने,
- सम्वादका क्रममा मानवअधिकारसम्बन्धी महत्वपूर्ण विषयवस्तु र प्रश्नहरू अगाडि सार्न परिषद् सदस्य र पर्यवेक्षक राष्ट्रका प्रतिनिधिहरूसँग लवी गर्ने,

- समीक्षा प्रतिवेदनमा सम्बन्धित राष्ट्रको मानवअधिकारसम्बन्धी मुख्य सरोकारका विषयहरू समावेश गर्न र मानवअधिकार उल्लङ्घनको अवस्था सम्बोधन गर्नका निम्ति उक्त राष्ट्रलाई सुझाव दिन ट्रोइका समाधिक्षकहरूसँग लवी गर्ने।

**समीक्षाको निष्कर्ष र सुझाव**

- समीक्षा गरिने राष्ट्रको मानवअधिकारसम्बन्धी सवालहरूलाई स्पष्ट/प्रत्यक्ष र पारदर्शी ढङ्गले सम्बोधन गर्ने समीक्षा प्रतिवेदन पारित गर्न यूपीआर कार्यदलका सदस्यहरूसँग लवी गर्ने,
- आवश्यक भएमा, यूपीआर कार्यदलद्वारा पारित गरिएको समीक्षा प्रतिवेदनको समालोचना गर्ने।

**समीक्षाको निष्कर्ष र सुझाव पारित**

- यूपीआर प्रतिवेदनलाई ध्यान दिँदै परिषद्को नियमित सत्रअघि नै लिखित धारणा/वक्तव्य प्रस्तुत गर्ने र कार्यसूची प्रकार ६ अनुरूप परिषद्ले यूपीआरको सुझावमाथि आवश्यक कार्यवाही अगाडि बढाउने क्रममा हुने छलफलमा मौखिक वक्तव्य/धारणा प्रस्तुत गर्ने,
- मानवअधिकार परिषद्द्वारा पारित गरिने समीक्षाको अन्तिम निष्कर्ष र सुझावमा समीक्षा गरिएको राष्ट्रका मानवअधिकारसम्बन्धी प्रमुख सवालहरू समावेश हुने र त्यस्ता सवालहरूको उपयुक्त सम्बोधनका लागि प्रभावकारी सुझावहरू दिइने कार्यको सुनिश्चितताका लागि परिषद्का सदस्यहरूसँग लवी गर्ने,
- समीक्षाद्वारा दिइएका सुझावहरू कार्यान्वयन अवस्थासम्बन्धमा निश्चित अनुगमनका लागि निर्णय गर्न परिषद् सदस्यहरूसँग लवी गर्ने।

**समीक्षाका सुझावहरू र प्रतिबद्धताहरूको कार्यान्वयन**

- समीक्षाको परिणामका सम्बन्धमा व्यापक राष्ट्रिय परामर्श तथा सार्वजनिक अन्तर्क्रिया सञ्चालन गर्न सम्बन्धित राज्यलाई प्रोत्साहित गर्ने,
- समीक्षाद्वारा दिइएका सुझावहरूको पूर्ण र शीघ्र कार्यान्वयनका लागि सम्बन्धित राष्ट्रलाई द्वि-पक्षीय सम्वाद र परिषद्को तहमा हुने विभिन्न प्रयासका माध्यमबाट तथा परिषद् सदस्य निर्वाचन र संयुक्त राष्ट्रसङ्घका अन्य विभिन्न निकायका क्रियाकलाप (जस्तैः सन्धिजनित निकायद्वारा हुने समीक्षा, विशेष कार्यविधिहरूको भ्रमण, मानवअधिकार उच्चायुक्तको भ्रमण आदि) का क्रममा प्रोत्साहित गर्ने,
- सम्बन्धित राष्ट्रका बारेमा हुने सञ्चार/सम्वाद तथा सार्वजनिक दस्तावेजहरूमा समीक्षाका सुझावहरू र राज्यको प्रतिबद्धताको बारेमा उल्लेख गरिने कुरा सुनिश्चित गर्ने,
- सम्बन्धित राष्ट्रको बारेमा समीक्षामा दिइएका सुझावहरूको कार्यान्वयनका सम्बन्धमा आउँदा यूपीआरहरूमा समीक्षा गर्नका लागि परिषद् सदस्य तथा अन्य सरोकारवालाहरूलाई प्रोत्साहित गर्ने।

मानवअधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
कलङ्की, स्यूचाटार, पो.ब.नं. २७२६, काठमाडौं
फोनः ४२७८७७०, फ्याक्सः ४२७०५५१
इमेलः insec@insec.org.np वेबसाइटः www.inseconline.org